5th NEPAL YOUTH ENTREPRENEURSHIP SUMMIT 2026

Joint Initiatives

Nepal Business Institute

Regd. No. 180909

मिति: २०८३/०६/०५ गते

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सम्बन्धित नगरपालिका / गाउँपालिकाको कार्यालय

**विषय: ५औं नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन २०२६ मा सहभागीता सम्बन्धमा ॥**

"NextGen Nepal: AI, Entrepreneurship & Employment for the Future" भन्ने मूल नाराका साथ ५औं नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन (Nepal Youth Entrepreneurship Summit 2026) यही २०८३ असोज २३ गते ( 9 October 2026) काठमाडौँस्थित र्‍याडिसन होटलमा आयोजना हुन गइरहेको जानकारी गराउन चाहन्छौं ।
नेपालका युवालाई उद्यमशीलता, नवप्रवर्तन, प्रविधि, सीप विकास, रोजगारी तथा लगानीका अवसरसँग जोड्दै स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म उद्यमशीलताको वातावरण निर्माण गर्ने उद्देश्यले यस सम्मेलनको आयोजना गर्न लागिएको हो । सम्मेलनमा देशभरका युवा उद्यमी, व्यवसायी, लगानीकर्ता, नीति निर्माता, स्थानीय तहका प्रतिनिधि, प्रविधि विज्ञ, शिक्षाविद् तथा विकास साझेदारहरूको सहभागिता रहनेछ । विशेषगरी Artificial Intelligence(AI), Digital Transformation, Entrepreneurship, Innovation, Skills Development तथा Future of Employment जस्ता विषयमा केन्द्रित छलफल, संवाद, प्रस्तुति, नेटवर्किङ तथा ज्ञान आदानप्रदानका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
स्थानीय तहहरू नेपालको आर्थिक तथा सामाजिक विकासमा युवाको सहभागिता बढाउने, स्थानीय उद्यम प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना गर्ने तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने महत्त्वपूर्ण निकाय भएकाले यस सम्मेलनमा स्थानीय सरकारको सहभागितालाई विशेष महत्व दिइएको छ ।
यस सन्दर्भमा, नेपालभरका नगरपालिका तथा गाउँपालिकाहरूबाट प्रमुख तथा उपप्रमुख ज्यू, प्रशासकिय प्रमुख ज्यूलगायत आफ्ना स्थानीय तहभित्र रहेका युवा उद्यमी, स्टार्टअप, व्यवसायी, नवप्रवर्तक तथा उद्यमशीलतामा रुचि राख्ने युवाहरूलाई सम्मेलनमा भौतिकरुपमा वा भर्चुअलरुपमा सहभागीता जनाउनका आवश्यक समन्वय तथा प्रोत्साहन गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । भर्चुलरुपमा निशुल्करुपमा जोडिन सकिने छ ।
साथै, सम्बन्धित स्थानीय तहले इच्छुक प्रतिनिधि तथा युवाहरूको अनलाइन दर्ता प्रक्रियामार्फत सहभागिता सुनिश्चित गर्न तथा आवश्यक जानकारी आफ्नो स्थानीय तहका सम्बन्धित शाखा, युवा तथा उद्यमशीलता सम्बन्धी कार्यक्रममार्फत प्रवाह गरिदिनुहुन अनुरोध गर्दछौं ।

**नोट :** सम्मेलनमा भौतिकरुपमा उपस्थीतिका लागि रजिष्ट्रेशन शुल्क तिरेर सहभागी हुनेका लागि होटेल रेडिसन ( पाँचतारे होटेल ) मा बिहानको खाना, साँझको खाना, ३ समय टिकफि र खाजा, सहभागी प्रमाण पत्र, समिट मेटरियल उपलब्ध गराइने छ ।

धनगढी उप-महानगरपालिका
दर्ता नं. ...
मिति ...
दस्तखत ...

**कार्यक्रम विवरण**
कार्यक्रमको नाम : ५औं नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन २०२६
मूल विषय: "NextGen Nepal: AI, Entrepreneurship & Employment for the Future"
मिति: २०८३ असोज २३ गते, शुक्रबार (9 October 2026)
समय : बिहान ९ बजेबाट साँझ ८ बजेसम्म
स्थान : र्‍याडिसन होटल, काठमाडौं
सम्पर्क नम्वर : चन्द्रभक्त अधिकारी, कार्यक्रम अधिकृत, ९८४१०४९१०४, इमेल: nyesummit.org@gmail.com

बिशाल गैरे
अध्यक्ष, एनविआई एवं प्रमुख, पाँचौ सम्मेलन आयोजक कमिटी